गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की

पत्र संख्याः ०८२/८३

च.नं.: १२९०

मिति : २०८३।०३।०३

विषयः निर्माण कार्य सञ्चालन गर्दा डिजाइन, प्रचलित मापदण्ड, नर्म्स, स्टयान्डर्ड तथा कानुनी व्यवस्थाको पालना सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

श्री आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

श्री स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश सरकार अन्तर्गत विभिन्न मन्त्रालय तथा मातहतका निकाय/कार्यालयहरूबाट सञ्चालन हुने पूर्वाधार निर्माण( भवन, सडक, पुल तथा अन्य संरचना निर्माण सम्बन्धी योजना/आयोजनाहरू)कार्यान्वयन गर्दा निर्माण कार्यको गुणस्तर, दिगोपना, सुरक्षा, पारदर्शिता तथा प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न निर्माणसँग सम्बन्धित प्रचलित नर्म्स, स्पेसिफिकेसन, डिजाइन स्टयान्डर्ड, कार्यविधि तथा कानुनी व्यवस्थाहरूको पूर्ण पालना गरी देहायका विषयहरूको पालना तथा सुनिश्चितता गरी मात्र संचालन गर्ने व्यवस्था मिलाउनु हुन माननीय मन्त्रि स्तरीय निर्णय अनुसार अनुरोध छः

१. नेपाल राष्ट्रिय भवन संहिता (Nepal National Building Code - NBC) तथा सम्बन्धित भवन निर्माण मापदण्ड, संरचनात्मक सुरक्षा मापदण्ड एवं प्रचलित प्राविधिक मापदण्डहरूको अनिवार्य पालना।

२. सडक, पुल, भवन तथा अन्य पूर्वाधार निर्माण कार्यमा स्वीकृत डिजाइन, ड्रइङ, लागत अनुमान, प्राविधिक स्पेसिफिकेसन, कार्यतालिका तथा स्वीकृत गुणस्तर मापदण्ड अनुसार निर्माण कार्य सञ्चालन।

३. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ (संसोधन सहित)अनुसार नयाँ निर्माण हुने संरचनाहरूमा पहुँचयुक्त संरचना (Accessibility), सार्वजनिक प्रयोगमैत्री तथा समावेशी पूर्वाधार निर्माणको सुनिश्चितता गर्ने। साथै, यसअघि निर्माण सम्पन्न भइसकेका सार्वजनिक प्रयोगका भवन, संरचना तथा पूर्वाधारहरू समेत उक्त मापदण्ड अनुरूप भए/नभएको सम्बन्धमा स्थलगत सर्वेक्षण गरी आवश्यक सुधार, परिमार्जन तथा थप संरचना निर्माण गर्नुपर्ने भएमा प्राविधिक अध्ययनसहित प्रस्ताव तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। विशेष गरी प्रवेश मार्ग, र्‍याम्प, रेलिङ, पहुँचयुक्त शौचालय, आवतजावत मार्ग, संकेत चिन्ह तथा अन्य आवश्यक पहुँचयुक्त संरचनाहरूको अवस्था यकिन गरी आवश्यक सुधार कार्य अगाडि बढाउने।

गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की

पत्र संख्याः ०८२/८३

च.नं.:

मिति :२०८३।०३।०३

४. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद प्रक्रिया, ठेक्का व्यवस्थापन, सम्झौता कार्यान्वयन, गुणस्तर नियन्त्रण तथा समय व्यवस्थापनको पालना।

५. वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम आवश्यक वातावरणीय अध्ययन (BES/IEE/EIA), वातावरणीय व्यवस्थापन योजना तथा वातावरण संरक्षण सम्बन्धी प्रावधानहरूको पालना।

६. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारबाट जारी भएका सम्बन्धित ऐन, नियमावली, कार्यविधि, निर्देशिका, प्राविधिक मापदण्ड तथा निर्माण सम्बन्धी स्वीकृत नर्म्स/स्टयान्डर्डहरू को पालना।

७. निर्माण स्थल सुरक्षा, श्रमिक सुरक्षा, सार्वजनिक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी प्रचलित व्यवस्थाको सुनिश्चितता।

८. निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, उपकरण तथा प्रविधिहरू स्वीकृत स्पेसिफिकेसन तथा प्रचलित गुणस्तर मापदण्ड अनुरूप भएको सुनिश्चित गर्ने।

.....................................

ई.दिनेश कुमार घिमिरे

अतिरिक्त सचिव

<u>सादर अवगतार्थः</u>

१. माननीय मन्त्रीज्यू, भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश।

२. श्रीमान प्रमुख सचिव ज्यु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।